नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

प्रेश विज्ञप्ती

सिंहदरबार, काठमाडौं
नेपाल ।

आज मिति २०८२/१२/१५ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री दिपक कुमार साहज्यूको उपस्थितिमा बैठक बसी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु माथि छलफल गरियो। छलफलका क्रममा माननीय मन्त्रीज्यूले श्रम तथा रोजगारको क्षेत्रलाई व्यवस्थित, मर्यादित एवम सुरक्षित बनाउन तथा श्रमिकको हकहीतको संरक्षण गर्न नेपाल सरकारबाट स्वीकृत कार्यसूचीमा रहेका यस मन्त्रालयसँग सम्बन्धित विषयहरुमा तत्काल कार्ययोजना तयार गरी कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सुरक्षा, न्यून्तम ज्यालाको सुनिश्चितता, कार्यस्थल सुरक्षा, कर्यवातावरण र स्वास्थ्य सुरक्षाको अवस्था अध्ययन गरी वैदेशिक रोजगारीको न्यून्तम मापदण्ड तयार गर्ने, रोजगारी सिर्जनाका लागि सहयोग पुग्ने गरी सीप विकास तालिम प्रदान गरी रोजगारमा आवद्ध गर्ने अवसर सिर्जना गर्ने, सबै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा सीप मेला संचालन गर्न तयारी गर्ने, आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई सेवाग्राही मैत्री वनाउने, वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी नियन्त्रण गर्ने, सेवा प्रवाहलाई सूचनाप्रविधिमा आवद्ध गरी सेवाको लागत र समय घटाउनुपर्ने लागयतका विषयमा निर्देशन दिंदै तत्काल देहाएका विषयमा कार्यान्वयन कार्ययोजना बनाई कार्यान्यवन गर्न आवश्यक प्रकृया अगाडि बढाइएको छ ।

१. श्रम स्वीकृतिमा रहेको टोकन प्रणालीको अन्त्य गरी आवेदन दिएको दिनमै श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्न निर्देशन भए अनुसार आजै देखि उल्लिखित कार्य प्रारम्भ गरिएको छ ।
२. पुर्व प्रस्थान अभिमूखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य-दृश्य समाग्री निर्माण गरी डिजिटल मध्यममा उपलब्ध हुने व्यवस्था गर्ने।
३. पुर्व प्रस्थान अभिमूखीकरण तालिम (Pre Departure Orientation Training, PDOT) लाई पूर्ण रुपमा अनलाईन प्रणालीमा आधारित बनाउने।
४. श्रमिकको न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन गर्ने।
५. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आवद्ध गर्न अभियान संचालन गर्ने।
६. श्रमाधान योजनालाई आन्तारिकीकरण गर्दै श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउने।
७. औद्योगिक प्रतिष्ठानहरुमा जोखिम मूल्यांकन गरी व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा (Occupational Health and Safety -OSH)) प्रवर्द्धन गर्ने।
८. उत्पादन र उद्यमशीलता प्रवर्द्धन गरी आन्तरिक रोजगारी सिर्जना गर्ने ।
९. थप ५ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने।
१०. मन्त्रालयसँग सम्बन्धित कानुनहरुमा समसामयिक सुधारका अन्तरबस्तुहरु पहिचान गरी प्रक्रिया अगाडि बढाउने ।

मितिः २०८२/१२/१५
ने.सं. ११४६, चौलाथ्व एकादशी, चैत्र शुक्लपक्ष

प्रवक्ता